आज मिति २०८१ साल फागुन १२ गते सोमबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८१/८२ को नबौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थितिः</u>

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

<u>आमन्त्रित</u>

शाखा अधिकृत श्री लिलानाथ नेपाल

क.अ. श्री विष्णु देवकोटा

MIS अफिसर श्री नवराज पौडेल

प्रस्ताव तथा छलफलका विषयहरू:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. डिपिआर स्विकृती तथा स्रोत सुनिश्चितता सहित वहुवर्षीय ठेक्का आव्हान गर्ने सम्बन्धमा ।
३. धैवुङ खानेपानी आयोजना फिर्तुङको बजेट सुनिश्चितताका लागि अनुरोध गर्ने सम्बन्धमा ।
४. विविध ।

निर्णयहरू:

निर्णय नं. १

कालिका गाउँपालिकाको मिति २०८१।१०।२३ गते बसेको आ.व. २०८१/०८२ को आठौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गर्दा निर्णयहरु अधिकांश कार्यान्वयन भएको पाईयो ।

निर्णय नं. २

कालिका गाउँपालिकालाई चालु आ.व. २०८१/०८२ का लागि प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फको कार्यक्रम निलकण्ठ मन्दिर वृहत्तर पर्यटन पूर्वाधार कालिका-५ रसुवा रु. ५०,००,०००।– कार्यान्वयनका लागि गाउँपालिकाले परामर्शदाता मार्फत तयार भएको डिपिआर स्विकृत गर्ने, स्विकृत डिपिआर मध्ये मन्दिर निर्माण तर्फको रु.१,६५,६३,६६७.२२ VAT समेतमात्रको कार्यलाई समेटी वहुवर्षिय ठेक्का प्रकाशन गर्ने साथै वहुवर्षिय आयोजना स्विकृत गरी ठेक्का रकम मध्ये चालु आ.व. २०८१/०८२ को स्विकृत बजेटबाट नपुगहुने रकम आगामी आ.व. २०८२/०८३ को बजेटमा स्रोत सुनिश्चितता लागि बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा मकवानपुरमा अनुरोध गर्ने साथै मन्दिर निर्माणका लागि ठेक्का आव्हान गर्दा प्यागोडा शैलीको कलात्मक मन्दिर निर्माण गरेको कार्य अनुभव भएको निर्माण व्यवसायीलाई मुल्याङ्कनमा प्राथमिकता दिने गरी ठेक्का हाल्न पाउने सुनिश्चितता हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालय सँग समन्य गरी यथाशिघ्र ठेक्का प्रकाशन गराउने निर्णय गरियो ।

निर्णय नं. ३

चालु आ.व. २०८१/०८२ का लागि संघिय सरकारको विशेष अनुदान तर्फ स्विकृत धैवुङ खानेपानी आयोजना (फिर्तुङ) कालिका-५ रसुवा को गत आ.व. २०८०/०८१ गाउँपालिकाबाट आयोजना माग गर्दा कुल लागत रकम रु १,३१,००,०००।– को स्विकृत लागत अनुमान संलग्न राखी माग गरिएकोमा राष्ट्रिय योजना आयोगबाट बजेट विनियोजन हुँदा आयोजनाको अवधि २ वर्ष राखी चालु आ.व. २०८१/०८२ मा रु. ५०,००,०००।– मात्र सुनिश्चित भएकोले बाँकी रकम रु.८१,००,०००।– आगामी आ.व. २०८२/०८३ को बजेटमा सुनिश्चितता गरिदिन राष्ट्रिय योजना आयोग सिंहदरवार काठ्माण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ विविध १

कालिका गाउँपालिका भित्र भवितव्यमा परि मृत्यु भएका विपन्न तथा विपन्न दलित समुदायको व्यक्तिको परिवारका सदस्यहरुबाट किरिया खर्च जुटाउन समेत मुस्किल भएकोले आवश्यक सहयोगका लागि गाउँपालिकामा अनुरोध भै आएका तपशिलमा उल्लेखित मृतकका परिवारलाई किरिया खर्च वापत प्रति मृतक रु.१०,०००।– सहयोग प्रकोप/विपद् व्यवस्थापन कोषबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो । तपशिल

क्र.सं.	मृतको नाम थर	निवेदक वा किरिया खर्च पाउनेको नाम	ठेगाना	विनयोजित रकम	कैफियत
१	राममाया दमिनी	जेठो दमाई	कालिका-३	रु. १०,०००।-	

निर्णय नं. ५ विविध २

कालिका गाउँपालिका वडा नं. १ को त्रिशुली खोला नदि किनाराको गुम्चेत भन्ने स्थानको निजी जग्गाबाट गिट्टी वालुवा तथा ग्राभेल उत्खनन गरी माथिल्लो त्रिशुली एक जलविद्युत आयोजना निर्माण गर्ने पावर कन्स्ट्रक्सन अफ चाइना लि. लाई विक्री वितरण गर्ने गरी लाङ्टाङ राष्ट्रिय निकुञ्ज रसुवाको अनुमती तथा पावर कन्स्ट्रक्सन अफ चाइना लि. र गुम्जेन सप्लायर्स कालिका-१ विच भएको सम्झौता बमोजिम हाललाई कम्तिमा १० हजार घ.मि. बराबरको राजश्व गाउँपालिकालाई प्रदेश सरकारले तोकेको दररेटमा बुझाउने गरी गाउँपालिकाको गिट्टी वालुवा तथा ग्रावेल संकलन गर्ने राजश्व रसिद गुम्जेन सप्लायर्सलाई गाउँपालिका राजश्व शाखाबाट उपलव्ध गराउने तथा सामाग्री विक्री गर्ने क्रममा संकलित राजश्व र रसिदको अर्धकट्टी गुम्जेन सप्लायर्सले प्रत्येक दुई हप्तामा कालिका गाउँपालिको राजश्व शाखामा बुझाउने गरी आवश्यकता अनुसारको राजश्व रसिद गुम्जेन सप्लायर्सलाई उपलव्ध गराउने निर्णय गरियो ।

प्रमाणित

२०८१।११।१२ गते
विहान ९:०० बजे